# ढोरपाटन नगरपालिका

---

# स्थानीय राजपत्र

---

## ढोरपाटन नगरपालिकाद्वारा प्रकाशित

वर्षः  ६)  ढोरपाटन,  फागुन १ गते, २०७९ साल

---

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम ढोरपाटन नगरपालिकाको कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## संवत् २०७९ सालको कार्यविधि नं. ४

# असल शिक्षक, असल विद्यार्थी, असल अभिभावक छनौट कार्यविधि -२०७९

ढोरपाटन नगरपालिकाको आर्थिक नीति तथा कार्यक्रममा उल्लिखित असल शिक्षक,असल विद्यार्थी, असल अभिभावक कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागी ढोरपाटन नगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम असल शिक्षक,असल विद्यार्थी,असल अभिभावक छनौट कार्यविधि,२०७९ रहेको छ ।
यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ लागेमा यस निर्देशिकामा,

क) शिक्षक भन्नाले सामुदायीक विद्यालयमा कार्यरत शिक्षकलाई सम्झनु पर्दछ ।

ख) विद्यार्थी भन्नाले सामुदायीक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई सम्झनु पर्दछ ।

ग) अभिभावक भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनि विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्दछ । सो शब्दले विद्यार्थीको बाबु,आमा,बाजे,बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउछ ।

घ) प्रधानाध्यापक भन्नाले सामुदायीक विद्यालयमा कार्यरत विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखलाई सम्झनु पर्दछ ।

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहायबमोजिम रहेका छनः

क) असल शिक्षक,असल विद्यार्थी, असल असल अभिभावक छनौट कार्यविधि निर्धारण गरी पारदर्शी र प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्ने ।

ख) तोकिएको आधार र मापदण्ड बमोजिम असल शिक्षक,असल विद्यार्थी,असल अभिभावक छनौट गरी पुरस्कृत गर्न सहयोग पूराउने ।

ग) असल शिक्षक,असल विद्यार्थी,असल अभिभावकमा छनौट हुनेलाई प्रदान गरिने प्रोत्साहन रकमलाई शैक्षिक गुणस्तर सुधारका लागी उपयोग गर्न कार्यविधि गर्ने ।

घ) विद्यार्थीको सिकाई उपलब्धि वृद्धी गरी सिकाईमा गुणस्तरीयता कायम

गर्ने ।

ङ) शिक्षक,विद्यार्थी र अभिभावक विच असल सम्बन्ध कायम गर्ने ।

४. **छनौट समिति**: तोकिएको आधार र मापदण्ड बमोजिम असल शिक्षक,असल विद्यार्थी,असल अभिभावक छनौट गरी पुरस्कृत गर्न देहाय बमोजिमको एक छनौट समिति रहने छ ।

क) नगरपालिका प्रमुख वा प्रमुखले तोकेको कार्यपालिका सदस्य -संयोजक

ख) सामाजिक विकास समितिको संयोजक -सदस्य

ग) समितिले तोकेको नगरशिक्षा समिति सदस्य मध्येबाट एक जना महिला सहित दुई जना -सदस्य

घ) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

**५. छनौट समितिको भुमिका**:

१) विद्यालयबाट प्राप्त सिफारिसहरू लाई दफा ६ को आधारमा असल शिक्षक,असल विद्यार्थी,असल अभिभावक मूल्याङ्कन गर्ने ।

२) असल शिक्षक,असल विद्यार्थी,असल अभिभावक लाई दिईने पुरस्कार निर्धारण गर्ने ।

३) असल शिक्षक,असल विद्यार्थी,असल अभिभावक छनौट गर्ने ।

**६. असल शिक्षक,असल विद्यार्थी,असल अभिभावक छनौटका आधारहरू**:

विद्यालयले निम्न अनुसारका आधारबाट मूल्याँकन गरी उत्कृष्ट भनि नगरपालिकामा शिफारिस गरेका शिक्षक र विद्यार्थीलाई छनौट समितिले सोही आधारमा समग्र नगरपालिका भित्र सञ्चालित विद्यालयबाट असल शिक्षक,असल विद्यार्थी,असल अभिभावक छनौट गर्नेछ ।

असल शिक्षक,असल विद्यार्थी,असल अभिभावक छनौटका आधारहरू देहाय बमोजिम हुनेछ ।

क) असल शिक्षक छनौटका आधारहरू:

| क्र.स. | विवरण | आधार | पूर्णाङ्क |
|---|---|---|---|
| १ | अन्तिम परीक्षाको कक्षा ३/५/८/१०/१२ को विद्यार्थी सिकाई उपलब्धि | विद्यालयहरूले पेश गरेका तहगत र विषयगत औषत सिकाई उपलब्धिलाई उच्च, मध्यम र निम्न गरी क्रमशः १०,८ र ६ अंक प्रदान गर्ने । | १० |

| | | | |
|---|---|---|---|
| २ | शिक्षक हाजिरी | विद्यालयहरूले पेश गरेका तहगत शिक्षकको प्रधानाध्यापक र वि.व्य.स.अध्यक्षबाट प्रमाणीत हाजिरी मध्येबाट विद्यालय खुलेको दिनलाई आधार मानि उच्च,मध्यम र निम्न गरी क्रमशः १०,८ र ६ अंक प्रदान गर्ने । | १० |
| ३ | विद्यालयले प्रदान गरेको विशेष जिम्मेवारी र कार्य सम्पादन | विद्यालय व्यवस्थापन समितिको निर्णयबाट शिक्षकलाई प्रदान गरेको विशेष जिम्मेवारी र कार्य सम्पादनको अवस्था अनुसार कार्यसम्पादनको वार्षिक प्रतिवेदनको आधारमा प्रति जिम्मेवारी र कार्यसम्पादन वापत २ अंकका दरले अंक प्रदान गर्ने । | १० |
| ४ | शिक्षण योजना र सिकाई सामग्री निर्माण | शिक्षण सिकाईका क्रममा शिक्षकले तयार गरेका शिक्षण योजना र सिकाई सामग्री मध्ये कुनै ५/५ वटा पेश गरे मध्ये प्रत्येकको १ अंकका दरले अंक प्रदान गर्ने । | १० |
| ५ | विद्यालयमा शैक्षिक सुधारका लागी गरेका कार्यहरू र उपलब्धि | विद्यालयको सम्रग शैक्षिक सुधारका लागि गरेका कार्यहरू र उपलब्धि  मध्ये कुनै ५ वटा पेश गरे मध्ये प्रकतिको आधारमा प्रत्येकको २ अंकका दरले अंक प्रदान गर्ने । | १० |
| | जम्मा | | ५० |

ख) असल विद्यार्थी छनौटका आधारहरूः

| क्र.स. | विवरण | आधार | पूर्णाङ्क |
|---|---|---|---|
| १ | अन्तिम परीक्षाको कक्षा ३/५/८/१०/१२ को विद्यार्थी सिकाई उपलब्धि | विद्यालयहरूले पेश गरेका तहगत औषत सिकाई उपलब्धिलाई उच्च,मध्यम र निम्न गरी क्रमशः १०,८ र ६ अंक प्रदान गर्ने। | १० |
| २ | विद्यार्थी हाजिरी | विद्यालयहरूले पेश गरेका तहगत विद्यार्थीको प्रधानाध्यापक र वि.व्या.स.अध्यक्षबाट प्रमाणीत हाजिरी मध्येबाट विद्यालय खुलेको दिनलाई आधार मानि उच्च,मध्यम र निम्न गरी क्रमशः १०,८ र ६ अंक प्रदान गर्ने। | १० |
| ३ | नगरपालिका स्तरिय परीक्षामा उत्कृष्ट विद्यार्थी | नगरपालिकाले सञ्चालन गरेको विभिन्न परीक्षामा प्रथम,द्वितीय,तृतीय स्थान प्राप्त गरे वापत क्रमशः ५,३,१ गरी एक पटक भए १ अंक दुई पटक भए ३ अंक र तीन वा सो भन्दा बढि भए ५ अंक प्रदान गर्ने। | १० |
| ४ | नगरपालिका स्तरिय प्रतियोगितामा उत्कृष्ट विद्यार्थी | नगरपालिकाले सञ्चालन गरेको विभिन्न प्रतियोगितामा प्रथम,द्वितीय,तृतीय स्थान प्राप्त गरे वापत क्रमशः ५,३,१ गरी एक कार्यक्रम भए १ अंक दुई कार्यक्रम भए ३ अंक र तीन वा सो भन्दा बढि कार्यक्रम भए ५ अंक प्रदान गर्ने। | १० |
| ५ | विद्यालयमा विद्यार्थीले गरेका सिर्जनात्मक र रचनात्मक कार्य | विद्यालयमा विद्यार्थीले गरेका सिर्जनात्मक र रचनात्मक कार्य मध्ये कुनै ५ वटा पेश गरे मध्ये प्रकृतिको आधारमा प्रत्येकको २ अंकका दरले अंक प्रदान गर्ने। | १० |
| | जम्मा | | ५० |

ग) असल प्रधानाध्यापक छनौटका आधारहरूः

असल शिक्षक र असल विद्यार्थी ठहरिने दुबै बाट प्राप्त अंक मध्ये सबै भन्दा बढि अंक प्राप्त विद्यालयको प्रधानाध्यापक नै असल प्रधानाध्यापक हुनेछ।

| क्र.स. | विवरण | आधार | पूर्णङ्क |
|---|---|---|---|
| १ | असल प्रधानाध्यापक | असल शिक्षक | ५० |
| | | असल विद्यार्थी | ५० |
| | जम्मा | | १०० |

घ) असल अभिभावक छनौटका आधारहरूः

असल विद्यार्थी ठहरीने विद्यार्थीको अभिभावकनै असल अभिभावक हुनेछ।

७. असल शिक्षक,असल विद्यार्थी,असल अभिभावक छनौट सङ्ख्याः

| क्र.स. | विवरण | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | आधारभुत तह कक्षा १–३ सञ्चालित | १ जना | |
| २ | आधारभुत तह कक्षा १–५ सञ्चालित | १ जना | |
| ३ | आधारभुत तह कक्षा १–८ सञ्चालित | १ जना | |
| ४ | मध्यमिक तह कक्षा १–१०/१२ सञ्चालित | १ जना | |

८. आर्थिक स्रोतः यस कार्यक्रममा खर्चहुने सम्पूर्ण रकम ढोरपाटन नगरपालिकाको आर्थीक वर्ष २०७९/०८० को नीति अनुसारको कार्यक्रम शीर्षक असल शिक्षक,असल विद्यार्थी,असल अभिभावक बाट गरिने छ।

९. प्रचलित कानुन बमोजिम हुनेः यस मार्ग दर्शनमा उल्लिखित विषयको हकमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित काननु बमोजिम हुनेछ।

१० संशोधनः नगरकार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन तथा परिमार्जन गर्न सक्ने छ।

# अनुसूची -१
## असल शिक्षक छनौट फारम

| क्र.स. | विद्यालय | शिक्षकको नाम | छनौटका आधार | प्राप्त अंक | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | १. अन्तिम परीक्षाको विद्यार्थी सिकाई उपलब्धि वापत | | |
| | | | २. शिक्षक हाजिरी | | |
| | | | ३. विद्यालयले प्रदान गरेको विशेष जिम्मेवारी र कार्य सम्पादन वापत | | |
| | | | ४. शिक्षण योजना र सिकाई सामग्री निर्माण वापत | | |
| | | | ५. विद्यालयमा शैक्षिक सुधारका लागि गरेका कार्यहरू र उपलब्धि वापत | | |
| | जम्मा | | | | |

# अनुसूची -२
## असल विद्यार्थी छनौट फारम

| क्र.स. | विद्यालय | विद्यार्थीको नाम | छनौटका आधार | प्राप्त अंक | कै |
|---|---|---|---|---|---|
| १ | | | १. अन्तिम परीक्षाको विद्यार्थी सिकाई उपलब्धि वापत | | |
| | | | २. विद्यार्थी हाजिरी | | |
| | | | ३. नगरपालिका स्तरीय  परीक्षामा उत्कृष्ट विद्यार्थी | | |
| | | | ४. नगरपालिका  स्तरिय प्रतियोगितामा उत्कृष्ट विद्यार्थी वापत | | |
| | | | ५. विद्यालयमा विद्यार्थीले गरेका सिर्जनात्मक र रचनात्मक कार्य वापत | | |
| | जम्मा | | | | |

# अनुसूची -३

## असल प्रधानाध्यापक छनौट फारम

| क्र.स. | प्रधानाध्यापकको नाम | आधारहरू | प्राप्त अंक |
|---|---|---|---|
| १ | | असल शिक्षक | |
| | | असल विद्यार्थी | |

## अनुसूची ४
## असल शिक्षकको लागि

विद्यालयले तपशिल अनुसारका विवरण साथमा पेश गर्नु पर्ने छ।

| क्र.स. | विवरण | आधार |
|---|---|---|
| १ | अन्तिम परीक्षाको कक्षा ३/५/८/१०/१२ को विद्यार्थी सिकाई उपलब्धि | तहगत र विषयगत औषत सिकाई उपलब्धिका लागि विद्यार्थीको प्रगति प्रतिवेद/ग्रेड सिटको प्रतिलिपि |
| २ | शिक्षक हाजिरी | प्रधानाध्यापक र वि.व्य.स.अध्यक्षबाट प्रमाणीत शिक्षकको जम्मा हाजिरी विवरण |
| ३ | विद्यालयले प्रदान गरेको विशेष जिम्मेवारी र कार्य सम्पादन | विद्यालय व्यवस्थापन समितिको निर्णयबाट शिक्षकलाई प्रदान गरेको विशेष जिम्मेवारी र कार्य सम्पादनको वार्षिक प्रतिवेदन |
| ४ | शिक्षण योजना र सिकाई सामग्री निर्माण | शिक्षण सिकाईका क्रममा शिक्षकले तयार गरेका शिक्षण योजना र सिकाई सामग्री मध्ये कुनै ५/५ वटा |
| ५ | विद्यालयमा शैक्षिक सुधारका लागि गरेका कार्यहरू र उपलब्धि | विद्यालयको सम्रग शैक्षिक सुधारका लागि गरेका कार्यहरू र उपलब्धि  मध्ये कुनै ५ वटा |

# अनुसूची ५
## असल विद्यार्थीको लागि

| क्र.स. | विवरण | आधार |
|---|---|---|
| १ | अन्तिम परीक्षाको कक्षा ३/५/८/१०/१२ को विद्यार्थी सिकाई उपलब्धि | तहगत र विषयगत औषत सिकाई उपलब्धिका लागि विद्यार्थीको प्रगति प्रतिवेद ग्रेड सिटको प्रतिलिपि । |
| २ | विद्यार्थी हाजिरी | विद्यालयहरूले पेश गरेका तहगत विद्यार्थीको प्रधानाध्यापक र वि. व्य. स. अध्यक्षबाट प्रमाणीत हाजिरी । |
| ३ | नगरपालिका स्तरिय परीक्षामा उत्कृष्ट विद्यार्थी | नगरपालिकाले सञ्चालन गरेको विभिन्न परीक्षामा प्रथम, द्वितीय, तृतीय स्थान प्राप्त गर्दा प्राप्त प्रमाण पत्रको प्रतिलिपि । |
| ४ | पालिका स्तरिय प्रतियोगितामा उत्कृष्ट विद्यार्थी | पालिकाले सञ्चालन गरेको विभिन्न प्रतियोगितामा प्रथम,द्वितीय, तृतीय स्थान प्राप्त गर्दा प्राप्त प्रमाण पत्रको प्रतिलिपि । |
| ५ | विद्यालयमा विद्यार्थीले गरेका सिर्जनात्मक र रचनात्मक कार्य | विद्यालयमा विद्यार्थीले गरेका सिर्जनात्मक र रचनात्मक कार्य मध्ये कुनै ५ वटा |

प्रमाणीकरण मितिः २०७९/०९/२५

आज्ञाले,
विष्णु प्रसाद ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत